

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन २ गते बुधबार ❑ 14 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## गण्डकी प्रदेश सरकार गठनपछिका उपलब्धि विषयक परिसंवाद

**पोखरापत्र संवाददाता**

पोखरा, १ फागुन



गण्डकी प्रदेश सरकार गठनपछिका उपलब्धि विषयक परिसंवाद भएको छ। प्रदेश सरकारले यही ४ फागुनमा स्थापनाको छैटौं वर्ष पूरा गर्दैगर्दा यसका उपलब्धि केलाउने प्रयास भएको हो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नीति तथा योजना आयोग र नेपाल पत्रकार महासंघ कास्कीको संयुक्त आयोजनामा मंगलबार नेपाल पर्यटन बोर्डमा भएको परिसंवादमा वक्ता थिए- मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, प्रमुख प्रतिपक्षी दल एमाले संसदीय दलका नेता एवं निवर्तमान मुख्यमन्त्री खगराज अधिकारी, नेपाल उद्योग वाणिज्य महासंघ पूर्व अध्यक्ष आनन्दराज मुल्मी र प्राडा चन्द्रा भद्रा। विभिन्न क्षेत्रका प्रतिनिधिको उपस्थिति रहेको परिसंवादको सहजीकरण नेपाल पत्रकार महासंघ कास्की अध्यक्ष बिमला भण्डारी र पत्रकार बासुदेव मिश्रले गरे।

विभिन्न प्रश्नको जवाफ दिँदैं मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले केही पनि भएन भनी भाष्य निर्माण हुनु गलत हो भने । 'विगतमा जनताका प्रश्न सिधैं सरकारसमक्ष आउन सक्थेनन्, अहिले गाउँघर टोलवासीले आफ्नो गाउँको योजना यो हो भनी राख्ने सक्ने अवस्था सिर्जना भएको छ,' उनले भने, ' नजिकको सरकार भएको कारण त्यो अनुभूति जनताले गर्न पाएको हो नि ।' उनले प्रदेश राजधानी पोखरालाई चैतभर पर्यटकीय राजधानी घोषणाको तयारी भएको जनाए । फेवातालको मापदण्ड कार्यान्वयन गर्न सर्वोच्च अदालतको जसरी पनि कार्यान्वयन गर्ने उनको प्रतिबद्धता छ । पोखराबाट अन्तर्राष्ट्रिय उडानको लागि चीन र भारतबाट आएका अधिकारीहरुसँगको भेटमा सहजीकरण आग्रह गरेको मुख्यमन्त्री पाण्डेले बताए । उनले गाँजाखेती वैधता दिन तथा लोकल रक्सी ब्राण्डिङ गर्न प्रदेश सरकार लागिपरेको सुनाए । 'लोकल मदिरा बनाउन लुक्नुपर्ने, अन्य ब्रान्डका रक्सी बनाउन लुक्नुनपर्ने अवस्था छ,' उनले भने, 'गुणस्तर नभए गुणस्तर कायम गरौं । साधारण जनजीविका चलाएका मानिस सानो भए पनि आयआर्जन गर्न सक्छन् ।' उनले गाँजा औषधीजन्य पदार्थ भएको दाबी गरे । प्रदेशलाई आत्मनिर्भरतातिर लैजानुपर्ने बताउँदै उनले पञ्चवर्षीय योजनाको उद्देश्य पनि आत्मनिर्भरता नै केन्द्रित रहेको बताए । आवश्यकता आधारमा बजेट विनियोजनका लागि आयोजना बैंक स्थापनाको तयारी पनि भइरहेको जानकारी दिए । गण्डकीमा हालसम्म ६३ ऐन र २२ नियमावली बनाएको उनको भनाइ थियो । ३८ कानुन अझै बनाउनुपर्ने पहिचान भएको बताए। हालै राष्ट्रिय समन्वय परिषद्को बैठक पनि बसेको उल्लेख गर्दै कानुन निर्माणसँगै प्रदेशका समस्या निराकरण के कसरी गर्न सकिन्छ भन्नेबारे छलफल भएको बताए । उनले पर्यटन प्रवर्द्धनका लागि जुन बाटोबाट पर्यटक हिंड्छन्, त्यो बाटोमा मोटरबाटो चलाउन नहुने स्पष्ट पारे। त्यसका लागि वैकल्पिक रुट खोज्न सुझाव दिए । योजना आयोगले प्रदेशमा पर्यटन, कृषि लगायतका मास्टरप्लान बनाउने कार्य गरिहेको मुख्यमन्त्री पाण्डेले बताए। एमाले संसदीय दलका नेता एवं निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले मुलुकमा सुन्दररुपमा ३ तहको सरकार अगाडि बढेकोमा केही कमीकमजोरी पनि भएको स्वीकारे । १५० जनाभन्दा बढी महिला प्रतिनिधि गठबन्धनका कारण खाइदिएको टिप्पणी गरे । 'सुरुमै गठबन्धन गरेर घोषणापत्र ननिकाल्नु गलत हो,' उनले भने । नेपालको संविधान वित्तीय संघीयतामा अति नै संवेदनशील रहेको उनको भनाइ थियो । 'संविधान भनेको सार्वभौमसत्ताको विकेन्द्रीकरण पनि हो । यो कुरा केन्द्रीय सरकारमा रहने साथीहरुले पनि बुझ्नुपर्‍यो,' उनले भने । उनले पृथ्वीसुव्वाको पालादेखि अहिलेसम्म सबैभन्दा बढी पुँजीगत खर्च गर्ने प्रदेश गण्डकी हो भने । उनले मानव विकास सूचकांकमा गण्डकी अब्बल रहेको बताए। नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले २०७४ सालपछि बनेका गठबन्धनका सरकारले निराशा दिएको गुनासो गरे। भागबण्डाका कारण जनताको अपेक्षा पूरा गर्न दलहरु कम जिम्मेवार बनेको बताउँदै उनले राजनीतिक संस्कार अहिलेको महत्वपूर्ण विषय हो भने । प्रत्येक आन्दोलनपछाडि जुन किसिमका पुनःदर्शन, पुनर्संरचना, पुनर्जारण हुन्छन् ती नेपालमा अहिले कमजोर अवस्थामा रहेको बताए । आन्दोलनबाट प्राप्त उपलब्धि रक्षा गर्न हामीहरु चुकेको उनको भनाइ थियो । 'मुलुकले उपलब्धि गरेका कुरा कसरी संस्थागन गर्ने भन्ने कुरा महत्वपूर्ण हो,' उनले भने, ' जतिसुकै अवस्था आए पनि आफ्ना नागरिकको जीवनस्तर वृद्धिका


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## आलु, प्याज पसलमा पोखरा महानगरको अनुगमन

**पोखरापत्र संवाददाता**

पोखरा, १ फागुन



पोखरा महानगरपालिकाले आलु, प्याज र तरकारी पसलहरुमा मंगलबार अनुगमन गरेको छ। पोखरा महानगरपालिकाका उपप्रमुख एवं बजार अनुगमन समितिका संयोजक मञ्जुदेवी गुरुङको संयोकत्वमा रहेको बजार अनुगमन समितिले पोखराको शान्ति बन स्थित कृषि उपज तथा थोक बजारभित्र सञ्चालनमा रहेका चार वटा आलु, प्याजका पसलहरुमा अनुगमन गरिएको हो ।पोखराका बजारमा कुहिएको प्याज बिक्री वितरण भैरहेको भन्ने प्रधानमन्त्री कार्यलायमा रहेको हेलो प्रधानमन्त्रीमा गुनासो परेपछि कृषि उपज तथा थोक बजार(मण्डी)मा रहेका आलु, प्याज गोदाममा अनुगमन गरिएको हो।

अनुगमनका क्रममा ढकाल आलु पसल फोहोर, मुल्यसुचि नभएको, नापतौलको दर्ता नभएको, ब्यवसाय नविकरण नभएको, खरिद तथा बिक्री बिल नभएको, सामान अव्यवस्थित रुपमा विक्री वितरण गरेको भेटिएको पोखरा महानगर सहकारी तथा उद्योग शाखामा प्रमुख अनिल कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार पसल सञ्चालक देवराज ढकाललाई पसल सरसफाई गर्न र जिल्ला प्रशासन कार्यालय कास्कीमा एक हप्ताभित्र उपस्थित हुन निर्देशन दिइएको छ । त्यस्तै सन्दिप श्री ट्रेडर्समा सामान खरिद र विक्री बिल नभएको र आफुले सामान खरिद गर्ने ब्यवसायीले समेत खरिद विल नदिएको गुनासो गर्नुभयो । उहाँले आफुले किन्ने र विलको मुल्य फरक पर्ने गरेको भन्दै त्यसलाई समोजन गरिदिन आग्रह गर्नुभयो ।नम्रता विविध सप्लार्यसमा खरिद विक्री विल अध्यावधीक नगरेको भेटिएको महानगर सहकारी तथा उद्योग शाखाका अधिकृत ऋषिराम सापकोटाले बताउनुभयो।

आर एण्ड जयसवाल सप्लार्यसमा मुल्यसुची नभएको, सरसफाई नभएको, नापतौल, किलाकाटाँ नविकरण नभएको, व्यवसाय नविकरण नभएको भेटिएको छ । सञ्चालक सरोजकुमार जयसवाललाई एक हप्ताभित्र महानगरमा उपस्थित हुन निर्देशन दिइएको छ। आलु र प्याजको खुद्रा र होलसेल मुल्यमा धेरै अन्तर रहेको बताउदै त्यसलाई उपभोक्ता र व्यवसायी दुबैलाई मर्का नपर्ने गरी समायोजनका लागि पहल गर्ने प्रतिबद्धता ब्यक्त गर्नुभयो। अनुगमनका क्रममा हेलो प्रधानमन्त्रीमा परेको उजुरी जस्तो कुहिएका आलु, प्याज नभेटिएको पोखरा महानगर आर्थिक विकास महाशाखा मनोहर कडरियाएले बताउनुभयो। अनुगमनमा उपप्रमुख एवं अनुगमन संयोजक मञ्जुदेवी गुरुङको संयोजकत्वमा पोखरा महानगर आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरिया, जिल्ला प्रशासन कार्यालय कास्कीका प्रशासकीय अधिकृत मुकुन्दराज पौडेल, सहकारी तथा उद्योग शाखाका प्रमुख अनिल कार्की, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय पोखराका प्रतिनिधि दिपक कुँवर, महानगर सहकारी शाखाका अधिकृत ऋषिराम सापकोटा, राष्ट्रिय उपभोक्ता मञ्च कास्कीका प्रतिनिधि राजेन्द्र लिगलको सहितको टोलीले अनुगमन गरेको हो। **लेखेका कागजमा खानेकुरा पोको नपार्नु**

पोखरा महानगरपालिकाले महानगरभित्र मसीले लेखिएको छापिएको वा रंङ्गाइएको कागजलाई प्रयोग नगर्न अनुरोध गरेको छ । कुनैपनि खाद्य उत्पादक, व्यवसायी वा विक्रेताले खाद्य प्रदार्थको सिधा सम्पर्कमा आउने गरी मसीले लेखिएको छापिएको वा रंङ्गाइएको कागजलाई प्रयोग नगर्न अनुरोध गरेको हो। नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयले खाद्य ऐन २०२३ को दफा(७) मा भएको अधिकार प्रयोग गरी खाद्य बस्तुको गुणस्तर निर्धारण सम्वन्धमा २०८० जेठ २५ गते राजपत्रमा सुचना


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## म्याराथनका दिन यातायात नचलाउने प्रतिबद्धता

**पोखरापत्र संवाददाता**

पोखरा, १ फागुन



पोखरामा रहेका यातायातहरुले पोखरा अन्तर्राष्ट्रिय म्याराथनका दिन विहान तीन घण्टा सवारी रोक्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

नेपाल भुतपुर्व खेलाडी मञ्च, सुरक्षा निकाय र यातायात व्यवसायीहरु बिच भएको छलफलको क्रममा पोखरामा सञ्चालन हुने सार्वजानिक सवारी म्याराथनको रुट पर्ने स्थानमा तीन घण्टाका लागि रोक्ने प्रतिबद्धता व्यक्त गरेका हुन् । उनीहरुले आफुहरुलाई असर पर्ने भएपनि म्याराथन पोखराको ब्रान्ड भएका कारण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन्।

पृथ्वी राजमार्ग यातायात व्यवसाय प्रा.लिका अध्यक्ष देवेन्द्र केसीले छोटो बाटोमा सवारी रोक्न समस्या नरहेको बताए । उनले अघिल्ला संस्करणमा भएका कमीकम्जोरीलाई आत्माआलोचना गर्दै थप सुधारिएर जाने समेत सुनाए। 'हामी हाम्रा सवारी त्यो दिनका लागि कसरी छुट्ने भन्ने व्यवस्था मिलाउँछौं' उनले भने, 'छोटो बाटोमा रोक्न हामीलाई समस्या हुँदैन विदाका दिन पनि भएकाले ५० प्रतिशत त त्यसै कम हुन्छ ।' उनले प्रा.लि.को तर्फबाट पोखरा म्याराथनलाई २५ हजार पाँच सय २५ रुपैयाँ नगद समेत सहयोग गर्ने घोषणा गरे।

पोखरा यातायात प्रा.लि.का एमडी देवी कुइकेलले ट्याक्सी व्यवसायीहरुसँग समेत सहकार्य गरेर उक्त दिन रुटमा धावकलाई असर नपर्ने गरी व्यवस्थापनमा जोड दिने बताए । उनले विहानको समय र विदाको दिन पनि भएकाले आफुहरुले सहजीकरण गरी म्याराथनलाई सफल बनाउन जोड दिने सुनाए । पोखरेली ट्याक्सी व्यवसायी प्रा.ली.का अध्यक्ष शोभाकान्त पौडेलले रुटमा पर्ने ट्याक्सी इकाइलाई मात्र नभई सबैलाई म्याराथनको बारेमा जानकारी गराउँदै उक्त दिन म्याराथनको समयमा सवारी नचलाउने प्रतिबद्धता व्यक्त गरे । व्यवसायमा असर पर्ने कुरा सुनाउँदै त्यो फरक पाटो रहेपनि म्याराथनलाई पूर्ण सहयोग गर्ने बताए । उनीहरुले विहान १० बजेसम्म सवारी नचलाउने र अत्यावश्यक परेर चलाउन परेमा धावकलाई असरै नपर्ने गरी चलाउने प्रतिबद्धता व्यक्त गरे । तर, नीजि सवारीहरुले धावकलाई असर पार्न सक्ने भन्दै उनीहरुले त्यसका लागि आयोजकले विभिन्न सामाजिक सञ्जाल, एफएम रेडियो, अनलाइहरुबाट सूचना प्रवाह गर्न समेत सुझाव दिए। जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी निरीक्षक भानु शर्माले यातायात व्यवसायीले म्याराथनको समयमा सवारी नचलाएमा आफुहरुलाई त्यति चुनौती नहुने बताए । उनले ट्राफिक प्रहरीले त्यसका लागि योजना बनाएको र मुख्य स्थानमा आयोजकको स्वयम् सेवकसहित ट्राफिक प्रहरी रहने सुनाए। मञ्चका अध्यक्ष हरि प्रसाद पराजुलीले म्याराथनलाई सहयोग गर्ने प्रतिबद्धता दिएकोमा खुसी व्यक्त गरे । सुरक्षा समन्वय उपसमितिको आयोजनामा कार्यक्रम भएको थियो।


### प्रजातन्त्र दिवस भव्यरूपमा मनाऔं

◆ प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो।

◆ आवधिक निर्वाचन प्रजातन्त्रका लागि महत्वपूर्ण हुन्छ।

◆ शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो।

◆ मेलमिलाप र शान्तिबाटै प्रजातन्त्र अघि बढाउन सकिन्छ।

त्यसैले,

◆ प्रजातान्त्रिक आचरण, सँस्कार र व्यवहारको अवलम्बन गरौं।

*७४ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं।*

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**






पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# पोखरामा सातौ विरेन स्मृति १७ औं 'बिटी कप सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन



पोखरामा बुद्धटोल युवा (बिटी) क्लबको आयोजनामा आजदेखि सातौं विरेन स्मृति १७ औं बिटी कप खुल्ला फुटबल प्रतियोगिता सुरु भएको छ।

पोखरा महानगरपालिका १ पुरानो टुंडिखेलमा आजदेखि सुरु भएको प्रतियोगिताको उद्घाटन खेलबाट मेनीमोर एफसीले विजयी सुरुवात गर्यो । बिटी क्लब हरियो र मेनीमोरबीच भएको खेल १-१ गोलको बराबरीमा निर्धारित समय सकिएपछि टाइब्रेकरमा मेनीमोरले ३-२ गोल अन्तरले पराजित गर्यो । यस्तै अर्को खेलमा एलजिआरवाइसी काठमाडौंको टिमले एसटी लोटसलाई १-० गोल अन्तरले हराउँदै काठमाडौं दोस्रो चरणमा प्रवेश गर्यो । काठमाडौंको जीतमा करण खड्काले निर्णायक गोल गरे । प्रतियोगिताको उद्घाटन गर्दै गण्डकी प्रदेश सभा सदस्य प्रकाश बरालले नयाँ खेलाडी उत्पादन गर्नमा प्रतियोगिताले भूमिका खेल्ने धारणा राखे । विगत लामोसमयदेखि निरन्तर रुपमा आयोजना हुदै आएको प्रतियोगिताले पोखराको फुटबलको विकासमा ठुलो टेवा पुर्याएको सांसद बरालले बताए ।

उनले १७ औं संस्कणसम्म एउटै प्रतियोगिताले निरन्तरता पाउनु पछाडि आयोजक संस्थाको अतुलनिय सँघर्ष भएको उल्लेख गर्दै खुलेरै प्रशंसा गरे । उनले आगामी दिनमासमेत प्रतियोगितालाई निरन्तरता दिन सुझाव दिदैं उनले आफ्ना तर्फदेखि सक्दो सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे ।

आगामी १० गते सञ्चालन हुने सो प्रतियोगितामा ५६ टिमको सहभागिता रहेको क्लबका अध्यक्ष असिम थापाले जानकारी दिए । उनका अुनसार फागुन २ गते पहिलो चरणकै ८ खेल हुनेछन् । सो प्रतियोगिताको विजेताले नगद १ लाख ७१ हजार १ सय ११ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै उपविजेताले १ लाख ५ हजार ५ सय ५५ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ट्रफिसहित नगद रु १० हजार हात पार्नेछ भने उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई जनही ८/८ हजार रुपैयाँ र ट्रफि प्रदान गरिनेछ भने अनुशासित एक टिमलाई १० हजार रुपैयाँसहित ट्रफि प्रदान गरिनेछ। १६ औं संस्करणकौ बिटी कपको उपाधि पोखरेली क्लब गन्नी एफसीले जितेको थियो ।

# जिसस महासंघ गण्डकीको भेला १२ बुदे घोषणा जारी गर्दै सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन




जिल्ला समन्वय समिति महासंघ गण्डकीको प्रदेश भेला १२ बुदे घोषणा जारी गर्दै सम्पन्न भएको छ। भेलाले उक्त घोषणा जारी गर्दै जिल्ला समन्वय समितिको अनुगमन कार्यलाई प्रभाबकारी बनाउन दक्ष जनशक्ति सहित ल्याबको ब्यबस्था गर्न संघ र प्रदेश सरकारलाई माग गरेको छ।

संबिधान संसोधन गरी गाउँ सभा र नगर सभाका सदस्यहरूको मतबाट जिल्ला समन्वय समिति निर्बाचित हुने ब्यबस्था गर्न, राष्ट्रिय सभाको निर्बाचनमा जिल्ला समन्वय समितिका प्रमुख र उप-प्रमुखहरूलाई मताधिकारको ब्यबस्था गर्न, संघीय सरकारले बनाउने ऐन, कानुन, कार्यविधिका सम्बन्धमा विषयका आधारमा जिल्ला समन्वय समितिको राय लिन माग गरेको छ।

घोषणामा प्रदेश सरकारले जिल्ला समन्वय समितिको लागि आबश्यक पर्ने अनुगमन ,सहजीकरण तथा समन्वय ऐन लगायत अन्य आबश्यक ऐन,कानुन तथा कार्यविधि निर्माण गर्न आग्रह गर्दै जिल्ला समन्वय समितिले तिनै तहका सरकारसंग समन्वय गरि जनजीविकाका सवालहरू सम्बोधन गर्न पहल गर्नेबाट उल्लेख गरिएको छ । जिल्ला समन्वय समिति महासंघ गण्डकीका अध्यक्ष लिलाधर पौडेलद्वारा हस्ताक्षरित घोषणामा नवप्रबर्दन साझेदारी कार्यक्रममा जिल्ला समन्वय समितिको किटानी सिफारिसको आधारमा मात्रै पालिका छनोटको ब्यबस्था गर्न , राष्ट्रीय योजना आयोगको सिफारिसमा हालै नेपाल सरकारले स्वीकृत गरेको योजना निर्धारण मापदण्ड बमोजिम एकल अधिकारको सुचिमा रहेका योजना संचालन गर्न प्रदेश सरकारले न्युनतम एक करोड भन्दा कमको योजना छनोट तथा बजेट बिनियोजन नगर्न प्रदेश सरकारलाई अनुरोध गर्दछौ भनिएको छ।

भेलाले गण्डकी प्रदेश भित्रका महत्वपूर्ण योजनाहरू बागलुङ जिल्लाको ढोरपाटनस्थित उत्तरगंगा जलाशययुक्त बिद्युत परियोजना, छिमेकी देश चिन र भारतलाई जोड्ने कोरला त्रिवेणीसडक, पुष्पलाल मध्यपहाडी लोकमार्ग ,गोर्खा जिल्लाको बुढीगण्डकी परियोजनाका काम अगाडि बढाउन, सम्पूर्ण अधुरा तथा रुग्ण योजना (सडक, पूल ,खानेपानी लगायतका)हरू समयमै सम्पन्न गर्ने बाताबरण निर्माण गर्न साथै बन्द अबस्थामा रहेको गोरखकाली रबर उद्योग संचालन गर्नका लागि पहलकदमी लिन प्रदेश सरकारलाई जोडदार माग गरेको छ । गण्डकी प्रदेशका जि.स.स.का प्रमुख ,उपप्रमुख,सदस्यहरू र जिल्ला समन्वय अधिकारीहरू सहभागी भेलाले पोखरा महानगर पालिका वडा न. ३३ मा निर्माणाधीन गण्डकी प्रदेशस्तरीय प्रादेशिक पुनर्स्थापना केन्द्र छिटो भन्दा छिटो संचालन गर्न गण्डकी प्रदेश सरकारलाई जोडदार माग गर्दै , विभिन्न कारणले गण्डकी प्रदेश भित्र मानसिक रोगि बढ्दै गएकोले प्रदेश स्तरीय मानसिक अस्पताल संचालन गर्न भनेको छ। निर्माण सम्पन्न भएर पनि आन्तरिक उडानमा मात्रै सिमित रहेको पोखरा अन्तराष्ट्रीय बिमानस्थललाइ जति सक्दो छिटो नियमित अन्तराष्ट्रीय उडान संचालन गर्ने बाताबरण बनाउन संघीय सरकारलाई आग्रह गर्दछौ उल्लेख गरिएको छ। जिल्ला समन्वय समिति महासंघ गण्डकीका अध्यक्ष लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न भेलाको गण्डकी प्रदेश सभाका सभामुख कृष्ण प्रसाद धितालले उद्घाटन गरेका थिए।

# भद्रकालीको वार्षिकोत्सवमा प्रभातफेरी

**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन




पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली माध्यमिक विद्यालयको ७२ औं वार्षिकोत्सवको पूर्वसन्ध्यामा मंगलबार बिहान प्रभातफेरी भएको छ।

विद्यालय परिसरबाट सुरु भएको प्रभातफेरी काँहुखोला, कञ्चनटोल, दुई कुलाको मुहान, बेसलाइन स्कुल, गौंडाकोमुख, चिसापानी हुँदै स्कुलमा आएर प्रभातफेरी सकिएको प्रभातफेरी कार्यक्रमका संयोजक किशन भण्डारीले पोखरापत्रलाई वताउनु भयो । २००८ सालमा स्थापित विद्यालयले बुधबार वसन्त पञ्चमीका दिन वार्षिकोत्सव मनाउन लागेको छ।

वार्षिकोत्सवको तयारी पूरा भएको प्रधानाध्यापक यदुराज पंगेनीले जानकारी दिनुभयो। वार्षिकोत्सवको अवसर पारेर विद्यालयको नेपाल भारत मैत्री भवन उद्घाटन गरिने भएको छ। विद्यालयमा नर्सरी देखि कक्षा १२ सम्म १८६३ जना विद्यार्थी अध्ययनरत रहेका प्रधानाध्यापक पगेनीले जानकारी दिनु भयो । सरकारी दरबन्दी र निजीका ८३ शिक्षक र कर्मचारी विद्यालयमा कार्यरत छन्। कास्की मात्र होइन गण्डकी प्रदेशभर नै उत्कृष्ट नतिजा ल्याउन सफल विद्यालयलाई अझै उचाइमा पुऱ्याउन आफूहरु लागि परेको प्रधानाध्यापक पगेनीले बताउनु भयो ।

# पोखरामा अन्तरविद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन



पोखराको ड्याम साइड क्लवको आयोजनामा आज (मंगलबार) देखि अन्तरबिद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता २०८० सुरु भएको छ । पोखरा ड्यामसाइड स्थित गण्डकी प्रदेश प्रहरी गणको खेल मैदानमा मंगलबार भएको उद्घाटन खेलमा शान्ति निकुञ्ज स्कुलले जित हासिल गरेको छ।

शान्ति निकुञ्जले पोखरा किन्डर गार्डेन (पि.के.जी.) लाई १–० को झिनो गोल अन्तरले पराजित गर्दै विजयी सुरुवात गरेको हो । शान्ति निकुञ्जको जितमा प्रशन्न थापाले निर्णायक एक गोल गरे। खेलमा उनी म्यान अफ दी म्याच समेत घोषित भए। त्यसै गरी मंगलबार नै भएको अर्को खेलमा शिशु कल्याण स्कुलले र पोखरा स्पाइरल स्कुललाई २–० ले पराजित गरेको छ । शिशु कल्याणको जितमा क्रिशल थापाले २ गोलको योगदान दिदा खेलमा उनी म्यान अफ दी म्याच समेत घोषित भए। भोलि देखि पहिलो चरणका खेलहरु हुने भएको छ। यसैबिच, यही फागुन ६ गतेसम्म संचालन हुने तेश्रो संस्करणको उक्त प्रतियोगिताको मंगलबार उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नम्बर १७ का वडा अध्यक्ष राधिका शाही योगीले फुटवल खेलको विकासको लागि उक्त प्रतियोगिताले टेवा पुग्ने विश्वास व्यक्त गरिन्। क्लवका अध्यक्ष प्रताप गुरुङको अध्यक्षतामा उद्घाटन सत्र सम्पन्न भएको हो । पोखरा महानगरपालिकाको सहयोग तथा पोखरा महानगरपालिका वडा नम्बर १७ को प्रबर्द्धनमा भएको प्रतियोगितामा पोखरा १७ स्थित वडामा रहेका सामुदायिक तथा निजी गरी १९ वटा बिद्यालयहरुको सहभागिता रहेको पूर्व अध्यक्ष पदम ढकालले बताए । ६ दिनसम्म चल्ने प्रतियोगिताको विजेता टिमले ३० हजार, उपविजेताले २० हजार, तेश्रो हुनेले १० हजार र शान्त्वना हुने टिमले भने ५ हजारको साथमा ट्रफी, मेडल र प्रमाण–पत्र प्राप्त गर्ने भएको महासचिव राकेश श्रेष्ठले बताए । प्रतियोगितामा सर्वोउत्कृष्ट सहित सर्वाधिक गोलकर्ता, उत्कृष्ट डिफेण्स, उत्कृष्ट मिडफिल्ड, उत्कृष्ट स्टाइकर, उत्कृष्ट गोलरक्षक र उत्कृष्ट प्रशिक्षकलाई समेत ट्रफी प्रंदान गरिने भएको छ । प्रतियोगिताको गत बर्षको विजेता छोरेपाटन मावि हो । फुटवल खेलको तल्लो स्तरबाटै विकास गर्ने उद्धेश्यले उक्त प्रतियोगिता आयोजना गरिएको क्लवका बरिष्ठ उपाध्यक्ष रमेश प्रसाद बरालले बताए।

# गण्डकी ...

लागि सरकार केन्द्रित हुनुपर्छ ।'


प्राडा चन्द्रा भद्राले गण्डकीले जनतालाई निराश नहुने गरी असल कार्य गरेर देखाउन सक्नुपर्ने सुझाव दिइन् । उनले महिलाको नेतृत्वमा प्राविधिक र व्यावसायिक सेवा दिनुपर्ने बताइन् । देशभरका महिला विकास कार्यालय सुटुक्क खारेज भएकोमा उनको गुनासो थियो ।

सो अवसरमा प्रदेशका नीति तथा योजना आयोग उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटाले प्रथम पञ्चवर्षीय योजनाका उपलब्धि सार्वजनिक गर्दै दोस्रो पञ्चवर्षीय योजनाको तयारीमा जुटेको बताए । उनले प्रथम पञ्चवर्षीय योजनाले समावेशी, सन्तुलित र दिगो आर्थिक सामाजिक गन्तव्य पहिचान गरेको, सुखद देखिएका उपलब्धि टिकाउने, सन्तोषजनक देखिएका लक्ष्यमा थप लगानी गर्ने र कमजोर सूचक हस्तक्षेप गर्ने नीति आवश्यक रहेको बताए। कार्यक्रममा प्रदेशका मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्मा पौडेल, एमाले संसदीय दलका प्रमुख सचेतक गोविन्दबहादुर नेपाली, गण्डकी प्रदेशका प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेत, विभिन्न राजनीतिक दल, नागरिक समाज, पर्यटन, उद्योग, शिक्षा लगायत क्षेत्रका प्रतिनिधिको उलेख्य उपस्थिति थियो ।

# आलु ...

प्रकाशित गरी खाद्य प्रदार्थमा यस्ता प्रकारका काजगहरुको प्रयोग नगर्न सुचना प्रकाशित गरेको भन्दै महानगरले त्यसलाई कार्यान्वयनका लागि यस्ता प्रकारका कागजमा खाद्य बस्तु राखेर बिक्री वितरण गर्न प्रतिबन्ध गरेको हो । खाद्य ऐन २०२३ दफा ५ को उपदफा(२) बिपरित हुने भएकाले सोही अनुसार कारबाही गर्न सकिने व्यवस्था रहेको छ । ऐनको उल्लघन गरेमा प्रमुख जिल्ला अधिकारीले दश हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने ब्यवस्था रहेको छ। यसैवीच सोही ऐन कार्यान्वयनका लागि पोखरा महागनरले अनुगमन समेत गरेको छ। पोखराको पृथ्वीचोकस्थित बसपार्क क्षेत्रमा रहेका जेरपुरी तरकारी, पकौडा र मासु फ्राई गरेर बिक्री गर्ने चार पसलमा लेखेका कागजमा खाद्य सामाग्री राखेर नबेच्न पहिलो पटक सचेत गराइएको पोखरा महानगर आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरियाले बताउनुभयो।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# कमजोर विकास प्रशासन

आर्थिक बर्ष सकिने बेला संसदमा बजेट पेश हुने र बजेट पारित हुन मंसिरसम्म लाग्ने परिपाटी हटाउन संविधानमा बजेट पेश गर्ने दिन तोकिएको छ। जेठ १५ गते पेश भएको बजेट असार मसान्तभित्र पारित भएर साउन १ गतेदेखि कार्यान्वयनमा जाने गरेको छाविगतको कहिले पारित होला अनि कहिले कार्यान्वयनमा जाला भनेर अनिश्चितता हटाइएको छ । सजिलो बनाइए पनि सरकारको बजेट खर्च निकै न्यून छ । चालु आर्थिक वर्षका लागि कूल १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बजेट विनियोजन गरिएकोमा गत पुस मसान्तसम्म पाँच खर्ब ७३ अर्ब ६३ करोड २९ लाख खर्च भएको छ।

यो कूल विनियोजनको ३२ दशमलव ७५ प्रतिशत हुन आउँछ । यसलाई चालु, पुँजीगत तथा वित्तीय व्यवस्थातर्फ खर्च वर्गीकरण गर्दा ३८ दशमलव ८० प्रतिशत, १६ दशमलव ७० प्रतिशत र २६ दशमलव ०६ प्रतिशत खर्च भएको देखिन्छ । हालसम्मको बजेट खर्चको अवस्था हेर्दा विकास बजेट धेरै छुट्टाइएका मन्त्रालयहरू नै खर्चमा कमजोर देखिएका छन् । विनियोजित रकममध्ये खर्चको प्रतिशत हेर्दा अर्थमन्त्रालय सबैभन्दा कमजोर छ । अर्थ मन्त्रालयले सोमबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनअनुसार अर्थ मन्त्रालयले चालु आर्थिक वर्षका लागि ४१ अर्ब सात करोड ३६ लाखको बजेट पाएकोमा पुस मसान्तसम्ममा चार अर्ब छ करोड ४४ लाख बराबर मात्रै खर्च भएको छ । जुन वार्षिक विनियोजनको नौ दशमलव ९० प्रतिशत हो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको बजेट खर्च पनि निकै कमजोर देखिएको छ । अर्धवार्षिक समीक्षा अवधिसम्ममा यो मन्त्रालयले वार्षिक विनियोजनको ११ दशमलव ३९ प्रतिशत मात्रै खर्च गर्न सकेको हो ।

मन्त्रालयले चालु आर्थिक वर्षका लागि एक अर्ब ५७ करोड ६२ लाख बजेट पाएकोमा पुस मसान्तसम्ममा १७ करोड ९५ लाख बराबर मात्रै खर्च भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको बजेट खर्च १२ दशमलव ३५ प्रतिशत छ । चालु आर्थिक वर्षका लागि कूल दुई अर्ब चार करोड ४१ लाख बराबर बजेट पाएको मन्त्रालयले पुस मसान्तसम्ममा २५ करोड २५ लाख बराबर मात्रै खर्च गर्न सकेको छ। पूर्वाधार विकासका आयोजना बढी केन्द्रित हुने मन्त्रालयहरूकै बजेट खर्चको स्थिति दयनीय छ। यो अवधिमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले २२ दशमलव ४५ प्रतिशत बजेट खर्च गरेको छ। कूल आठ अर्ब १२ करोड ६१ लाखको वार्षिक बजेट पाएको मन्त्रालयले पुस मसान्तसम्ममा एक अर्ब ८२ करोड ४७ लाख बराबर मात्रै खर्च गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको बजेट खर्च ३१ दशमलव ६४ प्रतिशत छ । चालु आर्थिक वर्षका लागि २८ अर्ब ५६ करोड ८३ लाख बराबर बजेट पाएको मन्त्रालयले सुरुवाती छ महिना अवधिमा नौ अर्ब तीन करोड ८४ लाख खर्च भएको छ। कूल ७७ करोड ७३ लाख वार्षिक बजेट पाएको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले अर्धवार्षिक समीक्षा अवधिसम्ममा १३ करोड नौ लाख बराबर मात्रै खर्च गर्न सकेको छ। जुन वार्षिक विनियोजनको १६ दशमलव ८४ प्रतिशत बराबर हो । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले छ महिनामा २९ दशमलव ६९ प्रतिशत मात्र बजेट खर्च गर्न सकेको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले १८ दशमलव ७६ प्रतिशत बजेट खर्च गरेको छ। चालु आर्थिक वर्षका लागि कूल एक खर्ब ३३ अर्ब ५५ करोड ३० लाख बराबरको बजेट पाएको मन्त्रालयले पुस मसान्तसम्ममा २५ अर्ब चार करोड ८९ लाख बराबर खर्च गरेको हो । युवा तथा खेलकुद मन्त्रालयको बजेट खर्च २७ दशमलव ८९ प्रतिशत छन् । कूल दुई अर्ब २४ करोड नौ लाखको वार्षिक बजेट पाएको मन्त्रालयले पुस मसान्तसम्ममा ६२ करोड ५० लाख खर्च गरेको छ। त्यसै गरी, रक्षा मन्त्रालयले ४६ दशमलव ६३ प्रतिशत खर्च खर्च गरेको छ। ५८ अर्ब ८४ करोड ४६ लाख वार्षिक बजेट पाएको मन्त्रालयले यो अवधिसम्ममा २७ अर्ब ४३ करोड ९१ लाख बराबर खर्च भएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका लागि कूल ५६ अर्ब ७८ करोड ३४ लाख बजेट विनियोजन भएकोमा पुस मसान्तसम्ममा २८ अर्ब १२ करोड २८ लाख बराबर खर्च भएको छ । जुन वार्षिक विनियोजनको ४९ दशमलव ६३ प्रतिशत बराबर हो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले २४ दशमलव ७४ प्रतिशत बजेट खर्च गरेको छ।

छ महिना अवधिमा ९२ करोड ३५ लाख बराबर खर्च भएको छ । मन्त्रालयले चालु आर्थिक वर्षका लागि पाँच अर्ब ८७ लाख ६४ हजार बराबर बजेट पाएको थियो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका लागि ४८ अर्ब ५४ करोड ९८ लाख बराबर बजेट विनियोजन भएकोमा पुस मसान्तसम्ममा १० अर्ब ६२ करोड तीन लाख बराबर खर्च भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले छ महिनामा ३४ दशमलव ८८ प्रतिशत बजेट खर्च गरेको छ। चालु आर्थिक वर्षका लागि प्रधानमन्त्री कार्यालयलाई पाँच अर्ब ६० करोड २८ लाख बराबर बजेट विनियोजन भएकोमा पुस मसान्तसम्ममा एक अर्ब ९५ करोड ४२ लाख खर्च भएको छाखर्च भएकामा साधारण खर्च धेरै छाविकास खर्च न्युन छ । विकास प्रशासन कमजोर रहेको देखाउँछ । अर्थमन्त्री डा प्रकाश शरण महतले भनेको काम नगर्ने ठेकेदार भन्दा ठेक्का लगाउनेले काम गराउन नसक्ने बढी दोषी छना।प्रशासन यन्त्र र प्राबिधिक संगै निर्माण व्यवसायि , राजनीतिक नेतृत्वमा कामप्रति अर्जुन दृष्टि नभएसम्म खर्च गर्ने क्षमता बढ्दैन ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बढ्ने |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : शुभ यात्रा |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : स्वस्थ्यमा सुधार |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सत्कार मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# हुर्जामा यशकुमारीको स्मृतिसभा




**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन

मानवअधिकार पत्रकार संघ हुर्जा गण्डकीले यश कुमारी जिसीको ३५ औं वार्षिक पुण्यतिथिमा स्मृति सभाको आयोजना गरी यशकुमारीको योगदानको चर्चा गरेको छ।

साहित्यकार मदन भण्डारीले अदक्ष नेतृत्वका कारण राज्यमा सुधार र सुशासन ओझेलमा पर्दै गएकोमा चिन्ता व्यक्त गरे । उनले महाकवि लक्ष्मीप्रसाद देवकोटाको कुशल नेतृत्वको दृष्टान्त दिँदै सबैलाई आफ्नो जिम्मेवारी बोध गर्नसमेत आग्रह गरे । संस्थाका निवर्तमान अध्यक्ष राजेश पराजुलीले यशकुमारीको परिवारले हुर्जाप्रति देखाएको विश्वासलाई कहिल्यै मर्न नदिने बताए । साथै उनले हुर्जाले १२ वर्ष अगाडि शुरुवात गरेको पत्रकार सम्मान तथा पुरस्कारको अनुशरण विभिन्न संघसंस्थाबाट हुनु एउटा गौरवको विषय भएको धारणासमेत राखे ।

यशुकुमारी जिसी स्मृति कोषका संस्थापक सविन जिसीले दिदीको प्रेरणाबाट ज्ञान आर्जनका माध्यम शिक्षा नै हो भन्ने प्रेरणा पाएर छोडेको अध्ययनलाई पनि निरन्तरता दिएको बताए ।

कोषका संरक्षक अश्विन जिसीले महिला प्रशिक्षण केन्द्र जावलाखेलको २०३९ सालको पहिलो व्याचका रुपमा रहेकी यशकुमारीले ग्रामीण महिलाहरुको पेवा बढाउने, समूह गठन र महिलालाई विना धितो लगानी, कृषितर्फ अदुवा, तरकारी, वेसा, कफी खेती, रेशम किरा पालन, बाख्रा, भैंसी, कुखुरा पालन, उद्योगतर्फ पाउरोटी, गलैचाँ सिलाइबुनाइ तालिम प्रदान गरी महिला शसक्तिकरणका क्षेत्रमा उलेख्य योगदान दिएको स्मरण गरे ।

पोखरा लामाचौर-१९ मा जन्मेकी जिसीको तत्कालीन महिला तथा बालबालिका विकास कार्यालयमा प्रमुखका रूपमा कार्यरत रहेका बेला २०४५ फाल्गुन १ गते स्याङ्जाको वालिङमा कार्यरत रहेको अवधिमा निधन भएको थियो ।

संघका महासचिव सुशील श्रेष्ठले यशकुमारीको योगदानलाई चिरस्थायी गराउन भाइ सविन जिसीको सक्रियतामा परिवारजनले स्थापना गरेको अक्षयकोषबाट हरेक दुई वर्षमा १५ हजार १५ राशीको पुरस्कार वितरण हुँदै आएको जानकारी गराए । यशुकुमारी स्मृति पुरस्कारबाट अधिकारकर्मीद्वय प्रमिला तझ्या र सानुमाया गुरुङ पुरस्कृत भइसकेको र यसै वर्ष पुरस्कार अर्पण गरिने उपाध्यक्ष विरेन्द्र सापकोटाले जानकारी गराए ।

असफल गौतमले संस्थापक अध्यक्ष कृष्ण अञ्जान ज्ञवालीको निधनले संघलाई अभिभावक विहिन तुल्याएकाले उनको स्मृतिमा संस्थाको मुखपत्रलाई विशेषाङ्ककारुपमा प्रकाशित गरी हुर्जाले सञ्चालन गरेका विविध पुरस्कारसमेत सोही समारोहबीच अर्पण गर्ने बताए । सभामा यशकुमारी स्मृति कोषकी संस्थापक सीता जिसी, सुमित्रा जिसी, कल्पना जिसीलगायतले यशकुमारीका विविध आयाम र अध्यायका बारेमा चर्चा गरेका थिए ।

# बजेट अभावमा चार सिँचाइ योजना अलपत्र

**पोखरापत्र संवाददाता**
तनहुँ, १ फागुन

बजेट विनियोजन कार्यले निरन्तरता नपाउँदा जिल्लाका चार सिँचाइ योजना अलपत्र बनेका छन् । योजना निर्माणका लागि ठेक्का लागे पनि बजेट विनियोजन नहुँदा योजना अलपत्र परेको सिँचाइ विकास डिभिजन कार्यालयले जनाएको छ ।

व्यास नगरपालिका-५ को साँघे पतेनी सिँचाइ योजना, बन्दीपुर गाउँपालिका-३ कोलपाटा लिफ्ट सिँचाइ योजना, ऋषिङ गाउँपालिका-५ को अठारबिसे र व्यास-५ को याम्दी खोला चापटार लिफ्ट योजना रहेका छन् । गत वर्ष बजेट विनियोजन भए पनि यस वर्ष बजेट विनियोजन नहुँदा निर्माण कार्य प्रभावित भएको सिँचाइ विकास डिभिजन कार्यालयका इञ्जिनियर एवं सूचना अधिकारी जगन्नाथ चापागाईंले जानकारी दिनुभयो । रु ५८ लाख निर्माण कम्पनीलाई भुक्तानी गर्न बाँकी रहेको उहाँले बताउनुभयो । बजेटका कारण निर्माणधीन योजनाको कार्य अघि बढाउन नसक्दा सिँचाइ कार्य प्रभावित बनेको छ । “भौगोलिक विकटताका कारण अधिकांश स्थानमा पानीको स्रोत नहुँदा सिँचाइ योजना महँगो हुने गरेको छ”, उहाँले भन्नुभयो, “अधिकांश पाखोबारी बाँझो रहेकाले सिँचाइको पहुँच पुऱ्याइ स्थानीयको जीवनस्तरमाथि उकास्ने लक्ष्य रहेको छ।”

विशेषगरी मुख्य योजनाका रुपमा दुई योजना रहेका छन्। व्यास-१० को नारेश्वर ताल जलाशय योजनाका लागि रु एक करोड ९४ लाखमा ठेक्का लागेको छ । त्यसैगरी शुक्लागण्डकी नगरपालिका-९ मा बस्ती संरक्षणका लागि रु एक करोड ८९ लाख बजेट विनियोजन गरिएको छ। गण्डकी प्रदेश सरकार र सङ्घीय सरकारबाट विनियोजित बजेटबाट गत वर्ष एक सय ४३ योजनामध्ये ८६ योजना निर्माण सम्पन्न भएका छन् । स्रोत सुनिश्चितता भई ठेक्का प्रक्रियाबाट काम भइरहेका योजनाका लागि कम बजेट विनियोजन हुँदा निर्माण कार्य प्रभावित हुने गरेको सूचना अधिकारी चापागाईंले जानकारी दिनुभयो।

# चोरीका घट्ना बढ्न थालेपछि स्थानीय प्रहरी कार्यालयमा

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, १ फागुन

स्याङ्जाको वालिङमा एकैरातमा पसल, घर र विद्यालय गरी झण्डै एक दर्जन ठाउँमा चोरी भएपछि स्थानीयहरुले वडा प्रहरी कार्यालय वालिङमा शान्तिसुरक्षाको माग गरेका छन् ।

वालिङ १३ झोलुङ्गे बजारमा एकैरातमा एकदर्जन स्थानमा चोरी भएपछि स्थानीयहरु वडा प्रहरी कार्यालय डेलिगेसनमा आएका हुन् । शान्ति सुरक्षामा प्रहरीको कार्य सम्पादन कमजोर हुँदा चोरीका घट्ना बढ्न थालेको स्थानीयहरुले आरोप लगाएका छन् । माघ २८ आइतबार राती झोलुङ्गे बजारमा ५ पसल, ४ घर र एक विद्यालयमा चोरी भएको थियो । स्थानीय घडी गुरुङ्का घरबाट सुन पाँच तोला, पुरन गुरुङ् को घरबाट गियरवाला साइकल, जग्गनाथ पाठकको पसलबाट ३० हजार नगद र विभिन्न ब्राण्डका मदिराहरु, विट्ठ गैह्रेको पसलबाट नगद र समान, डिलुराम गैह्रेको पसलबाट ८५ लाख नगद सहित विभिन्न सामानहरु चोरी गरी लगेको प्रहरीले जनाएको छ।

झोलुङ्गे बजारमा रहेको जीवन ज्योती बोडिङ स्कुल, ब्युटिसियन, किराना पसल र घरहरुमा चोरले ताला फुटाएको प्रहरीले जनाएको छ । चोरी भएको स्थानमा विवरण संकलन गरी उक्त कार्यमा संलग्नको खोजी भएको प्रहरीले जनाएको छ । चोरी भएको ३ दिन वितिसक्दा पनि प्रहरीले अनुसन्धान प्रक्रिया नथालेको भन्दै वालिङ १३ का स्थानीयहरु वडा प्रहरी कार्यालय पुगेर छिटो अनुसन्धान गरी चोरी गर्ने व्याक्ति नियन्त्रणमा लिन आग्रह गरेका थिए । वडा प्रहरी कार्यालय वालिङको शान्तिसुरक्षामा फितलो कार्य सम्पादन हुँदा एक हप्तामा धेरै ठाउमा चोरीका घट्नाहरु बढेका छन् । एक हप्ता अगाडी वालिङ ८ डुम्रीकोटमा घरबाटै रातो कलरको स्कुटर चोरी भएको थियो। अहिले सम्म न स्कुटर फेला परेको छ न चोरीमा संलग्नको पक्राउ भएको छ। वडा प्रहरी प्रमुख प्रहरी नायव उपरिक्षक इकवाल हवारीको कार्यशैली माथी नगरवासीले प्रश्न उठाउन थालेका छन् । डिएसपी हवारीले हामीले सुस्म अनुसन्धान गरिरहेको जानकारी दिए ।



यता जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रमुख प्रहरी उपरिक्षक संजय बहादुर राउतले चोरीका घट्नामा प्रहरी सचेत रहेको जिकिर गरेका छन् । आफ्ना मातहतका सबै इकाईहरुमा दिनभरी सुत्ने र रातभरी डियुटी गर्न निर्देशन दिएको बताए। जिल्लाका विभिन्न ठाउँमा भएका चोरीका घट्नाहरु फरक–फरक शैलीका देखिएका छन् प्रहरी प्रमुख राउतले भने,‘ प्रहरीले पनि फरक–फरक शैलीबाट अनुसन्धान र प्रहरी खटाउने कार्य गरेको छ ।’ यस्ता घट्नामा जनताले पनि प्रहरीलाई सघाउनु पर्छ र साथ दिनुपर्छ उनले भने । जनताको शान्तिसुरक्षामा प्रहरीले कुनै कसुर बाँकी नराखी सेवामा खटिने उनले दावी गरे ।

# हाइकर्स क्लबको ४३ औं श्रृङ्खला दोपहरेदेखि नुवाकोटसम्म सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन

स्वास्थ्य र पर्यटनको लागि हाइकिङ मुल नाराका साथ विगत ४ वर्ष देखि निरन्तर संचालन भइ रहेको हाइकिङ (एक दिने पदयात्रा) कार्यक्रमको ४३ औं श्रृङ्खला शनिबार सम्पन्न भयो ।

शनिबार विहान हाइकर्समा सहभागीलाई विदाई गर्दै पोखरा महानगरपालिका वडा नं. १७ की वडा अध्यक्ष राधिका शाही योगीले हाइकिङ अभियानले व्यक्तिको स्वास्थ्य र ग्रामिण पर्यटनको प्रवर्द्धनमा प्रत्यक्ष सहयोग गर्ने भएकोले नियमितता दिन आफुले सक्दो सहयोग गर्ने वताउँदै आयोजकलाई धन्यवाद दिएकी थिइन ।

क्बलका अध्यक्ष कृष्ण रानाभाटले हाल सम्म ५ सय बढि हाइकिङमा अभियानमा सहभागि भएका छन् भने कास्की, स्याङ्जा र तनहुँ जिल्लाका ३० भन्दा वढि गाउँ पुगेको वताएका थिए । सो अवसरमा क्लबका सदस्य तथा हाइकिङ भाग ४२ संयोजक पितम सेन ठकुरीले क्लबको हरेक काम प्रविधि मैत्री भएकोले सहभागी हुन इच्छुकले अग्रिम रुपमा गुगल फर्म भर्नु पर्ने वताउँदै सदस्यता लिन इच्छुकले ६०० तिरेर सदस्यता लिन सकिने वताए । त्यसै गरि अर्का सदस्य तथा ट्रेकिङ गाईड सुन्दर त्रिपाठीले पदयात्रामा सहभागीले अपनाउनु पर्ने साबधानीका बारेमा वताउँदै हिड्दा कुनै समस्या आएमा



प्राथमिक उपचारको व्यवस्था रहेको वताएका थिए ।

हाइकिङमा पहिलो पटक सहभागि नयाँबजारका पुस्तक व्यवसायी कृष्ण तिमिल्सिना, ट्रेकिङ गाइटड निरमाया राना, नदिपुरका औषधि व्यवसायी राम कायस्थ, शिक्षिका रश्मी सेन लगाएतले कार्य व्यवस्ताले पैदल हिड्न नमिल्ने सबैलाई महिनामा एक पटक हाइकिङ कार्यक्रम सहभागि हुँदा धेरै राम्रो भएको वताउँदै नियमित सहभागि हुने वताए ।

# उदय रिघा बुद्ध विहारलाई व्यवस्थित गरिँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, १ फागुन

बागलुङको गलकोट नगरपालिका-११ स्थित उदय रिघा बुद्ध विहारलाई व्यवस्थित गर्न थालिएको छ। झण्डै १२ वर्ष अघि निर्माण सुरु गरिएको उक्त बुद्ध विहार गत वैशाखमा सम्पन्न भएको हो। सीमित स्रोतसाधनबाट निर्मित बुद्ध विहारलाई व्यवस्थित गरी पर्यटन प्रवर्द्धनका लागि यस वर्ष व्यवस्थित गर्न थालिएको छ।

गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा विनियोजन गरेको रु १५ लाखमा रिघा बुद्ध विहारको तला थप्नेसँगै प्रतिक्षालय निर्माण र बगैँचा बनाउन लागिएको छ । आकर्षक शैलीमा निर्माण गरिएको बुद्ध विहारका कारण आन्तरिक तथा बाह्य पर्यटक आकर्षित हुन थालेका छन् ।

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग नजिकै रहेको हुँदा धेरै पर्यटक यहाँ पुग्न थालेका छन् । बुद्ध विहार स्थानीयको जनश्रमदानसहित करिब रु एक करोडको लागतमा निर्माण भएको हो । यसलाई व्यवस्थापन गर्न प्रदेश सरकारले बजेट विनियोजन गरेपछि थप आकर्षक र व्यवस्थित बनाउन थालिएको गलकोट-११ का अध्यक्ष डम्मर श्रीसले बताउनुभयो । करिब १५ रोपनी क्षेत्रफलमा फैलिएको सो विहारलाई आर्थिक अभावका कारण सोचेअनुसार बनाउन नसकेको उहाँको भनाइ छ ।

विहार क्षेत्रमा पर्यटकको सुविधाका लागि प्रतिक्षालय, खानेपानी व्यवस्थापन बगैँचा, पदमार्ग, पोखरी निर्माण गर्ने, बनभोज स्थल निर्माण गर्ने योजना छ । यस वर्ष बुद्ध विहारको तला व्यवस्थापनसँग त्यस वरपर व्यवस्थित बगैँचा बनाउने र प्रतिक्षालय निर्माण गर्नेगरी योजनाको काम अगाडि बढेको अध्यक्ष श्रीस बताउनुहुन्छ ।“बजेट अभावले १२ वर्षपछि मात्रै बुद्ध विहार निर्माण गर्न सकिएको हो”, उहाँले भन्नुभयो । नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले बुद्ध विहारका लागि नगरपालिकाले बर्सेनि बजेट विनियोजन गर्दै आएको बताउनुभयो । यस क्षेत्रलाई नगरपालिकाले प्राथमिकतामा राखेर विकास गर्न थालेको उहाँको भनाइ छ । बुद्ध विहार गलकोटको महत्वपूर्ण पर्यटकीय क्षेत्र रहेको उल्लेख गर्दै प्रवक्ता भण्डारी अन्य संरचना निर्माणमा जोड दिइएको बताउनुहुन्छ ।

# हाइकिङमार्फत नुवाकोटको इतिहासलाई पर्यटनसँग जोड्दै हाइकर्स क्लब

**वासुदेव पौडेल**
पोखरा, १ फागुन/रासस

स्वास्थ्य र पर्यटनका लागि हाइकिङ भन्ने नाराका साथ हाइकिङका माध्यमबाट पोखरा आसपासका पर्यटकीय गन्तव्यको प्रवर्द्धन गर्दै आएको हाइकर्स क्लब नेपालले आफ्नो ४३ औं शृङ्खलाका लागि स्याङ्जाको धार्मिक एवं ऐतिहासिकस्थल नुवाकोटलाई रोजेको छ। पोखरा र आसपासका विशेषगरी ग्रामीण क्षेत्रका पर्यटकीयस्थललाई हाइकिङका माध्यमबाट प्रवर्द्धन गर्दै आइएकोमा यस पटक स्याङ्जाको नुवाकोट कालाभैरव मन्दिरलाई लक्षित गरिएको हो । क्लबका अध्यक्ष कृष्ण रानाभाटका अनुसार यस संस्करणमा पोखराको छोरेपाटन हुँदै दोपहरे पुगी त्यहाँबाट हाइकिङ गर्दै कृष्ति मट्टिखान, दुवाकोटबाट नुवाकोट कालाभैरव मन्दिरसम्म पुगिएको हो।

"यस क्षेत्रकै प्राचीन इतिहास रहेर पनि प्रवर्द्धन हुन नसक्दा अपेक्षित रुपमा पर्यटकीय उपयोग हुन नसकेको वास्तविकतालाई दृष्टिगत गरी हामीले ४३ औं संस्करणका लागि स्याङ्जा नुवाकोटलाई रोजेका हौं", उहाँले भन्नुभयो, "पर्यटकीय राजधानी घोषणा हुँदै गरेको पोखराको पर्यटकीय विकाससँगै आसपासका पर्यटकीय गन्तव्यको पनि प्रवर्द्धन अपरिहार्य छ।" पोखरा नजिकैको ऐतिहासिक धार्मिक एवम् पर्यटकीय स्थलमध्येको एक स्याङ्जा नुवाकोटस्थित कालाभैरव मन्दिर रहेको उहाँले बताउनुभयो । इतिहास अनुसार पन्ध्रौं शताब्दीको प्रारम्भतिर विसं १५/१० मा मिन्चाखान (वास्तविक नाम अजय खान) ले स्याङ्जा नुवाकोट राज्यको स्थापना गरेका थिए।

तत्कालीन समयदेखि नै एउटा महत्वपूर्ण शक्तिपीठका रुपमा कालाभैरवको पूजाअर्चना गर्दै आइएको पाइन्छ। तत्कालीन समयमा यो स्थल नुवाकोट राज्यका रुपमा चासो र चर्चा कमाएको थियो । यो ठाउँ स्याङ्जा जिल्लाको उत्तरी भेगमा सदरमुकामबाट करिब १५ किमी उत्तर फेदीखोला गाउँपालिका वडा नं २, पुतलीबजार नगरपालिका-४, ५ को सङ्गममा समुद्री सतहबाट करिब एक हजार नौ सय मिटरको उचाइमा रहेको छ।

तत्कालीन राज्यको शिरमा रहेको कालाभैरवलाई अत्यन्त श्रद्धाभक्तिका साथ त्यही समयदेखि नै पूजाआजा गर्दै आइएको श्री कालाभैरव पुरातात्विक मन्दिर व्यवस्थापन समितिका सचिव शिवप्रसाद गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार कालाभैरव आफैं उत्पत्ति भएका हुन् । पहिला ढुङ्गा, माटोको ढिस्कोमा कालाभैरवको पूजा गरिन्थ्यो । विसं २०६८ अघिसम्म सानो पानीको ट्याङ्की जस्तो मन्दिर बनाएर त्यसमा पूजा गर्ने गरिएकामा त्यसयता भने व्यवस्थित मन्दिर निर्माण गरी पूजाआजाको व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो । तत्कालीन शासकले १५ औं शताब्दीतिर यस स्थानमा कालाभैरवका साथै सुनकेशरीदेवी, कालिका र चण्डीकादेवीको मूर्ति स्थापना गरी पूजाआजा गर्ने गरेको पाइन्छ। धार्मिक एवं पुरातात्विक महत्वको नुवाकोट कालाभैरवको संरक्षण र विकाससँगै यसको धार्मिक पर्यटकीय महत्वलाई उजागर गर्नु अपरिहार्य भएको सचिव गौतमको भनाइ छ । कालाभैरवको दर्शन गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वासका आधारमा स्याङ्जा र कास्की जिल्लाका साथै विभिन्न स्थानबाट भाकलसहित पूजाआजा गर्न आउने गरेको यहाँका स्थानीयवासी बताउँछन् । प्राचीनकालदेखि नै कालाभैरवको मूर्ति (शिला) छोपेर राखिएको छ । उक्त शिलालाई हेर्न हुँदैन भन्ने जनविश्वास रहेको छ । कालाभैरवको पूजाविधि प्राचीनकालदेखि नै निर्धारण गरिएको छ। तत्कालीन राणा प्रधानमन्त्री जुद्ध शमशेरको पालामा विसं १९९४ वैशाख ३१ गते बिहीबार लेखिएको पूजाविधि अहिले पनि सुरक्षित रहेको बताउँदै सचिव गौतमले त्यही विधि अनुसार तीन सय ६५ दिन नै कालाभैरवको पूजाआजा हुने गरेको जानकारी दिनुभयो।

इतिहासमा उल्लेख भएअनुसार तत्कालीन स्याङ्जा नुवाकोट राज्यको सिमाना पूर्वमा कृस्ति, निर्मलपोखरी, भरतपोखरी, कास्कीकोटसम्म, पश्चिममा पर्वतको लिमिथाना, देउपुर, बाजुङ, दुर्लुङ, उत्तरमा कास्कीको केही भाग र दक्षिणमा सतौं, गह्रौं, भीरकोटसम्म फैलिएको थियो। तत्कालीन स्याङ्जा नुवाकोट राज्यको महत्वपूर्ण शक्तिपीठ रहेका कारण तत्कालीन समयदेखि नै यस धार्मिकस्थलमा राज्यले चर्चेका भू-भागबाट दर्शनार्थी आउने गरेको सहजै अनुमान गर्न सकिन्छ । यहाँको इतिहासलाई पर्यटनसँग जोड्न सकेमा धेरै सङ्ख्यामा धार्मिक पर्यटक यहाँ भित्राउन सकिने देखिन्छ। यहाँबाट देखिने माछापुच्छ्रे, अन्नपूर्ण लगायतका हिमाली दृश्यले जो कोहीलाई लोभ्याउने गरेको छ । इतिहासको संरक्षण र संवर्द्धनको अभावमा धेरै ऐतिहासिकस्थलको गरिमा र महत्व सङ्कटमा पर्दै गएको वर्तमान अवस्थामा १५ औं शताब्दीदेखि अस्तित्वमा रहेको स्याङ्जा नुवाकोट राज्यसहित यहाँका कालाभैरवलगायतका धार्मिक एवं ऐतिहासिकस्थलको संरक्षण र विकास अपरिहार्य देखिएको छ । स्थानीय तहबाट यहाँको प्रवर्द्धनलाई जोड दिइएको फेदीखोला गाउँपालिका-२ का वडाध्यक्ष अविलाश गुरुङले बताउनुभयो । प्रत्येक वर्षको फूलपाती बढाइँमा गाउँपालिकाले सहयोग गर्दै आएको जानकारी दिँदै उहाँले यहाँस्थित टुँडिखेलको नेपाली सेनाले संरक्षण र विकासमा सहयोग गरिरहेको बताउनुभयो।

पोखराबाट नजिकैको गन्तव्य भएका कारण नुवाकोट कालाभैरव एक दिवसीय हाइकिङका लागि उपयुक्तस्थल भएको हाइकर्स क्लबका सदस्य पितम सेनले बताउनुभयो। छोटो दुरीमा रहेका गन्तव्यलाई हाइकिङका माध्यमबाट प्रवर्द्धन गर्ने क्लबको योजना अनुसार प्रत्येक महिनाको अन्तिम शनिबार विभिन्न गन्तव्यको प्रवर्द्धन गर्दै आइएको उहाँले जानकारी दिनुभयो।



कपाल काट्दै प्रशिक्षार्थी : पोखरा महानगरपालिकाद्वारा पोखरा-१७ मा सञ्चालित तीन महिने सैलुन तालिममा कपाल काट्दै प्रशिक्षार्थी। तस्बिरः हरिप्रसाद बाँस्तोला/रासस

# गण्डकी प्रदेश आइस हक्की संघ गठन

**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन



गण्डकी प्रदेशमा आइस हक्की संघ गठन भएको छ। नेपाल आइस हक्की संघको संयोजनमा पोखरामा सम्पन्न एक भेलाले गण्डकी प्रदेश आइस हक्की संघ गठन गरेको हो।

नवगठित संघको अध्यक्षमा विरेन्द्र पौडेललाई चयन गरिएको छ। त्यसै गरी उपाध्यक्षमा मनिष केसी, सचिवमा पूर्ण बहादुर गुरुङ, कोषाध्यक्षमा बिष्णु कार्की चयन भएका छन्। यसै गरी कार्यसमिति सदस्यमा शिव पौडेल, निपेन्द्र श्रेष्ठ, इश्वरी चापागाई र राजु गिरी रहेका छन्। भेलाले विभिन्न ६ जिल्लामा आइस हक्की खेलको प्रचार र प्रवर्द्धन गर्न संयोजक तोकेको छ। स्याङजाको संयोजकमा शिव पौडेल, लमजुङको संयोजकमा प्रल्हाद बोहोरा, पर्वतको संयोजकमा विशाल महत, बागलुङको संयोजकमा शान्ती श्रीष मगर, तनहुँको संयोजकमा उपेन्द्र श्रेष्ठ र कास्कीको संयोजकमा तिर्थ सुवेदी रहेका छन् । यस अघि भेलाको उद्घाटन बागमती प्रदेश सभाका सभामुख एवं नेपाल आइस हक्की संघका केन्द्रिय अध्यक्ष भुवन पाठकले गरे । सोअ अवसरमा बोल्दै सभामुख पाठकले विश्वमा लोकप्रिय रहेको खेल आइस हक्कीको विकासका लागि संघ प्रतिवद्ध रहेको जनाउँदै बागमती र गण्डकी प्रदेशको राजधानी पोखरामा पूर्वाधार निर्माण गर्ने गरी छलफल अघि बढेको बताए। उनले भने-"आइस हक्की विश्वमा यूवाहरु माझ निकै लोकप्रिय छ। हामी पूर्वाद्धार निर्माण संगै खेलाडी उत्पादनतर्फ ध्यान केन्द्रित गर्दैछौं।"

आइस हक्की खेल इन्डोर स्टेडियममा खेलिने खेल भए पनि संघले एक अन्तर्राष्ट्रिय प्रतियोगिता सगरमाथा नजिकको हिमतालमा आयोजना गर्ने गरी तयारी समेत गरिरहेको अध्यक्ष पाठकले बताए । नेपालमा समेत पछिल्लो समय आइस हक्की खेलप्रति रुची बढ्दै गएको बताउँदै उनले पूर्वाद्धारको निर्माणले खेल पर्यटनमार्फत मुलुकमा पर्यटन आर्थिक समृद्धिको ढोका समेत खुल्ने बताए।

कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका पूर्व सामाजिक विकास तथा स्वास्थ्य मन्त्री एवं सांसद पञ्चराम गुरुङले सहाशिक खेलकुदका कार्यक्रमले नै प्रदेशको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने बताए । प्रदेशको विकासका लागि खेलकुदको विकास अपरिहार्य रहेको बताउँदै सांसद गुरुङले गण्डकी प्रदेशलाई खेलकुदको हबको रुपमा विकास गर्न आफ्नो तर्फबाट सक्दो प्रयास गर्ने प्रतिवद्धता जनाए।

नेपाल आइस हक्की संघका उपाध्यक्ष विजय खड्काको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश खेलकुद परिषदका सदस्य केशव पाठकले गण्डकी प्रदेशलाई सहाशीक खेलकुद गन्तव्यको रुपमा अघि बढाउन आइस हक्की संघले प्रभावकारी रुपमा आफ्ना कार्यक्रम अघि बढाउनु पर्ने औंल्याए। सो कार्यक्रममा कास्की जिल्ला खेलकुदका उपाध्यक्ष विजय बहादुर भण्डारीले समेत् आफ्ना भनाई राखेका थिए।

# काली गण्डकीमा सम्पन्न राष्ट्रिय र्‍याफटिङ च्याम्पियनसिपमा प्याडल नेपाललाई उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा १ फागुन

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनामा पहिलो पटक काली गण्डकीमा सम्पन्न राष्ट्रिय र्‍याफटिङ च्याम्पियिनसिपमा प्याडल नेपाल 'ए' टिमले उपाधि जितेको छ।



चार दिन सम्म चलेको प्रतियोगितामा प्याडल नेपालले ओभरअल तर्फ कुल ९७२ अंक प्राप्त गर्दै उपाधि हात पारेको हो । पोखरामा रहेको प्याडल नेपालले प्रतियोगितामा सम्पन्न चार वटा छुट्टा छुट्टै इभेन्ट मध्ये स्प्रिन्टमा १००, हेड टु हेडमा २००, सालोलममा ३२२ र डाउन रिभरमा ३५० अंक बटुल्दै समग्रमा उपाधि जितेको प्रतियोगिताका संयोजक एवं प्रदेश खेलकुद परिषदका सदस्य बसन्तराज दवाडीले जानकारी दिए । यसै गरी प्रतियोगितामा सहभागि भोटेकोशी 'बी' उपविजेता बनेको छ। भोटेकोशी समुहले समग्र चार वटा इभेन्टमा ९४२ अंक प्राप्त गर्न सफल रह्यो भने बागमती प्रदेश कुल ८४२ अंकका साथ तेश्रो स्थान प्राप्त गरेको छ । प्रतियोगिताको अन्तिम दिन दुई वटा इभेन्ट सम्पन्न भएको प्रदेश खेलकुदका कार्यालय प्रमुख तोपलाल भुसालले जानकारी दिए। उनका अनुसार डाउन रिभर रेसमा प्याडल नेपाल ए टिम पहिलो हुँदा भोटेकोशी बी दोश्रो र बागमती प्रदेशले तेश्रो स्थान प्राप्त गरेको छ। त्यसै गरी र्‍याफटिङ सालोलमतर्फ भोटेकोसी बी विजेता बनेको छ भने प्याडल नेपाल ए टिमले दोश्रो र बागमती प्रदेशले तेश्रो स्थान प्राप्त गरेको छ। डाउन रिभर र सालोलम तर्फका विजेताहरुले मेडल तथा प्रमाणपत्रका साथमा क्रमश जनही नगद रु १५ हजार, १० हजार र ५ हजार प्राप्त गरे। काली गण्डकीलाई सहाशीक खेलकुदको गन्तव्य बनाउने उद्धेश्यका साथ पहिलो पटक उक्त प्रतियोगिता आयोजना गरिएको हो । प्रतियोगितामा र्‍याफटिङतर्फ १२ टिम र कायाक सालोलुम कानुको प्रतिस्पर्धामा ५० भन्दा बढि खेलाडीको सहभागिता रहेको प्राविधिक संयोजक नीम बहादुर थापा मगरले बताए। प्रतियोगितामा सात प्रदेश, विभागिय टिम र अन्य क्लबहरुको समेत सहभागिता रहेको थियो।

# कास्कीको रुपा गाउँपालिकामा खुल्ला वडा स्तरीय पुरूष भलिवल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन

कास्कीको रूपा गाउँपालिकाले आफ्नो स्थापना दिवसको अवसरमा यही फागुन तेश्रो साता खुल्ला वडा स्तरीय पुरूष भलिवल प्रतियोगिता एवं बिभिन्न साँस्कृति कार्यक्रम गर्ने भएको छ।

राष्ट्रिय खेल भलिवलको विकास गर्ने उद्धेश्यले यसपाली वडा स्तरिय उक्त प्रतियोगिता फागुन २४ देखि २७ गतेसम्म रुपा गाउँपालिकामा आयोजनाको तयारी गरिएको मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । प्रतियोगितामा प्रथम हुने टोलीलाई १ लाख ५० हजार, दोश्रो हुनेलाई ८० हजार, तेश्रो हुनेलाई ४० हजार साथमा ट्रफि, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको छ । प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई ५ हजार, अन्य विधामा वेस्ट सर्भर, बेस्ट ब्लकर, बेष्ट सेटर, बेस्ट लिब्रोः, बेस्ट स्पाइकर, उत्कृष्ट प्रशिक्षकलाई जनही २ हजारको साथमा ट्रफि र प्रमाणपत्र प्रदान गरिने भएको छ।

प्रदेशका स्थानिय तहका वडाबाट टिम सहभागिताको लागि पत्रचार समेत गरिएको रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले जानकारी गराउनु भयो । उक्त अवसरमा झाँकी प्रदर्शन सहित प्रतियोगिता, माला बनाउने प्रतियोगिता आयोजना गर्ने भएको उहाँले जनाउनु भयो।

"रूपाको पहिचानः सबै क्षेत्रमा समृद्धिको अभियान" भन्ने नाराका साथ पर्यटन विकास, खानेपानी, शिक्षा, भौतिक पूर्वाधार, सडक, सिंचाई, कृषि, पशुपालन र रोजगारी लगायतका क्षेत्रहरूमा उल्लेख्य कार्यहरू भएको अध्यक्ष ओझाले दाबी गर्नु भयो । युवा तथा खेलकुदको विकासको लागि पनि एक बडा एक खेल मैदान निर्माण कार्य सञ्चालनमा रहेको उल्लेख गर्दै उहाँले "स्वास्थका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने मूल उदघोषका साथ रूपा गाउँपालिका स्थापना दिवसको अवसरमा २०७५ सालदेखी निरन्तर रूपमा अध्यक्ष कप खुल्ला पुरूष भलिवल प्रतियोगिता गर्दै आएको पालिकाले जनाएको छ। यस वर्ष रूपा रत्न सम्मान २०८० द्वारा रुपा गाउँपालिका भित्र कृषकहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले कृषि पेशामा उत्कृष्ट रहेका कृषकहरुलाई नगद पुरस्कार रकम.५ हजार सहित ताम्रपत्रले सम्मान गरिने भएको छ। कार्यक्रममा स्थानिय तथा राष्ट्रिय स्तरका ख्यातिप्राप्त कलाकारहरूको सांस्कृतिक प्रस्तुति समेत रहने भएको छ। कार्यक्रममा उपाध्यक्ष लालसुव्वा गुरूङ, जनप्रतिनिधि, सहित प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी बराल लगायतको सहभागिता रहेको थियो । झाँकी प्रर्दशनी प्रतियोगिताका बिजेतालाई ३० हजार, उपविजेतालाई २० हजार, तेश्रो हुनेलाई १० हजार र शान्त्वना हुनेलाई ५ हजार साथमा प्रमाण पत्र उपलब्ध गराइने भएको सूचना अधिकारी लोकनाथ पौडेलले पोखरापत्रलाई बताउनु भयो। त्यसै गरी माला प्रतियोगितामा प्रथम हुनेलाई ६ हजार, दोश्रो हुनेलाई ४ हजार र तेश्रो हुनेलाई भने २ हजार साथमा प्रमाण पत्र वितरण गरिने भएको छ। उपाध्यक्ष लालसुव्वा गुरूङको संयोजकत्वमा मुल समिति गठन भएको छ भने विभिन्न उपसमितिहरु गठन भएको छ।

# लेतेको सौन्दर्यमा पर्यटक लोभिए

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ फागुन

काठमाडौँबाट मुस्ताङ भ्रमणमा आएको एक निजी कलेजका विद्यार्थी र शिक्षकहरूको ६० जनाको समूह आइतबार थासाङ गाउँपालिका-३ को लेते कालोपानीमा बास बस्यो।

परिवारका सदस्यहरूसँगै मुस्ताङ घुम्न आएकी पोखराकी सजिना घलेको २३ जनाको टोलीले लेतेमा दुई घण्टा बितायो। "मुस्ताङ भित्रनेबित्तिकै पुगिने लेतेको सौन्दर्यमा रमाइलो नगरी अघि बढ्नै मन लागेन्", उहाँले भन्नुभयो, "जता फर्किए पनि देखिने हिमाल, शान्त वातावरणले लेतेमा समय बितेको पत्तै भएन।" लेतेमा अन्नपूर्ण, धवलागिरि, निलगिरि र टुकुचे हिमालको काखमा बसेको महसुस गरेको घलेले अनुभव सुनाउनुभयो। म्याग्दीको सिमानामा रहेको घाँसा काटेपछि पुगिने लेते अधिकांश पर्यटकको रोजाइमा पर्न थालेको छ। सम्भव हुनेहरू लेतेमा एकरात बास बसेर वरपरका गन्तव्य घुम्छन्। बास बस्न सम्भव नहुनेहरूले खाना-खाजा-चिया पिउन एक-डेढ घण्टा भुलेर गन्तव्यतर्फ लाग्ने गरेका लेते कालोपानीको सियु लजका सञ्चालक अमित तुलाचनले बताउनुभयो । "धवलागिरि र अन्नपूर्ण हिमशृङ्खलाको काखमा रहेको लेते-कालोपानीको बस्तीको बीचमा बेनी-जोमसोम-कोरला सडक कालोपत्र भएपछि सुन्दर देखिएको छ", उहाँले भन्नुभयो, "लेतेबाहेक मुस्ताङको अन्य ठाउँबाट अन्नपूर्ण प्रथम हिमाल नदेखिने भएकाले पनि यहाँ विदेशी पर्यटक आउँछन् ।" कालीगण्डकी नदीको किनारमा रहेको यो बस्ती समुद्री सतहबाट दुई हजार पाँच सय ३० मिटरको उचाइमा छ। बस्तीको वरपर सल्ला, धुपी र गुराँसको जङ्गल छ।

बर्खामा हरियाली छाउने वनपाखा वसन्त ऋतुमा गुराँस फुलेर रङ्गिन्छ। पृष्ठभूमिको पहाड हिजोआज हिउँले छोपिएको छ। कालोपत्र सडकको पृष्ठभूमिमा हिमाल, जङ्गल र पहाडी भूगोलको दृश्यावलोकन, तस्बिर, भिडियो खिच्नेहरूको चहलपहल बढ्न थालेको संरक्षण क्षेत्र व्यवस्थापन समिति लेतेका सचिव प्रमिश गौचनले बताउनुभयो। "हिमालसँगै जैविक, वातावरणीय विविधता र थकाली संस्कृति लेतेको आकर्षण हो", उहाँले भन्नुभयो, "लेतेको सौन्दर्यले मुस्ताङ आएका पर्यटकलाई भुलाएको छ।" लेतेमा करिब २० वटा सुविधासम्पन्न होटल र लज छन् । व्यवसायीहरूका अनुसार यहाँ एक रातमा एक हजार जनासम्म बास बस्न सक्छन्।

वसन्त र शरदयाममा भरिभराउ हुने लेतेका होटल बेसिजनमा पनि खाली हुँदैनन्। लेते आसपासका क्षेत्रमा नयाँ गन्तव्य पहिचान गरी पूर्वाधार निर्माण र प्रवर्द्धनमा जोड दिएको स्थानीयवासीसमेत रहनुभएका प्रतिनिधिसभाका पूर्वसदस्य प्रेमप्रसाद तुलाचनले बताउनुभयो।

लेतेबाट करिब छ घण्टा यात्रा गरेपछि धवलागिरि आइसफल र कालीबराह पुगिन्छ । पन्ध्र मिनेट उकालो हिँडेर पुगिने 'भ्यू प्वाइन्ट'बाट लेतेगाउँको सबै दृश्य हेर्न सकिन्छ। लेतेबाट एक घण्टाको पैदलयात्रा गरेपछि पुगिने सेकुङ, भुछत्रो र टिटीतालमा पूर्वाधार निर्माण गरिएको तुलचानले बताउनुभयो । चौंरी, भेडागोठ पनि यहाँको आकर्षण हो । चिसो हावापानीमा रासायनिक विषादी र मलको प्रयोगबिनै उत्पादन हुने आलुको स्वादिष्ट परिकार चाख्न पाइन्छ । पर्यटकलाई लक्षित गरेर लेतेको जनजागरण आमा समूहले थकाली सङ्ग्रहालय पनि सञ्चालन गरेको छ।